नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२५

प्रमाणीकरण मितिः २०८२/०९/२९

# स्थानीय राजपत्र


## परशुराम नगरपालिका द्वारा प्रकाशित

### जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**खण्ड ८ संख्या ९ मितिः२०८२ साल पुष २९ गते**


## भाग ३

## स्थानीय सरकार

सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४(५) बमोजिम परशुराम नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## महिला समूह गठन, परिचालन तथा निगरानी गर्न बनेको कार्यविधि, २०८२

**<u>प्रस्तावनाः</u>** समुदायमा बसोबास गर्ने महिलाहरुको सामुहिक, आर्थिक एवं साँस्कृतिक पक्षहरुमा अधिकतम सहभागिता बढाउनुका साथै महिलाहरूलाई सशक्तिकरण गराउन नगरपालिका स्तरमा महिला समूह गठन, परिचालन तथा निगरानी समूह गठन गरि व्यवस्थित गर्नु वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी परशुराम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र परिभाषाः</u>**

१) यो कार्यविधिको नामः महिला समूह गठन, परिचालन तथा निगरानी गर्न बनेको कार्यविधि, २०८२ रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी परशुराम नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

**२. <u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) **"उपप्रमुख"** भन्नाले परशुराम नगरपालिकाको उपप्रमुख लाई सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले परशुराम नगरपालिकाको नगरकार्यपालिका लाई सम्झर्नुपर्छ।

(ग) **"कार्यपालिका सदस्य"** भन्नाले परशुराम नगर कार्यपालिकाको सदस्य लाई सम्झनुपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले परशुराम नगरपालिका लाई सम्झनुपर्छ।

(ङ) **"महिला समूह"** भन्नाले टोल तथा बस्ती स्तरमा यस कार्यविधि अनुसार गठन भएको समुह लाई सम्झनुपर्छ।

(च) **"महिला समिति"** भन्नाले वडा स्तरमा गठन भएको यस कार्यविधि अनुसार गठन भएको समुह लाई सम्झनुपर्छ।

(छ) **"निगरानी समूह"** भन्नाले नगरपालिका स्तरमा गठन भएको सबै वडा स्तरिय महिला समूहहरुको निगरानी, परिचालन, सुपरिवेक्षण तथा व्यवस्थापन गर्न बनेको समिति लाई सम्झनुपर्छ।

## परिच्छेद २

## महिला समूहको गठन तथा उदेश्य

**<u>३. उद्देश्य</u>** :

महिला समूह गठन गर्नुका मुख्य उदेश्यहरु निम्नानुसार हुनेछन् ।

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदायदेखि स्थानीय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक , आर्थिक राजनितिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका महिलाहरलाई विभिन्न जनचेतनामुलक कार्यक्रमहरुमा सहभागि गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सीपमुलक तालिमहर सञ्चालन गरी आयआर्जनका क्षेत्रमा महिलालाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(छ पिछडिएका क्षेत्रहरूमा भईरहेका महिला हिंसा घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउँने,

(झ) समाजका निति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउँदै बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने

**४. महिला समूह, महिला समिति र निगरानी समूहको गठन**

**(१)** टोलस्तरीय महिला समूहको गठन देहाय बमोजिम हुनेछः

(क) प्रत्येक घरबाट एक महिला सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समूह गठन हुनेछ ।

(ख) महिला समूहमा सामुहिक भेलाबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष , सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार कम्तिमा ७ सदस्यहरु रहेको एक महिला समूहको कार्यसमिति गठन हुनेछ ।

(ग) महिला समूहमा २० वर्ष उमेर पुरा भई ६० वर्ष उमेर ननाघेका महिला सदस्य रहनेछन् ।

**(२) वडा स्तरीय महिला समितिको गठन देहाय बमोजिम हुनेछ**ः

(क) प्रत्येक टोलका प्रत्येक महिला समूहबाट १/१ सदस्य रहने गरी प्रत्येक वडामा वडास्तरीय महिला समिति गठन गरिनेछ ।

(ख) समितिमा वडास्थित महिला जनप्रतिनिधिको रोहवरमा बसेको समूहका प्रतिनिधिहरुको बैठकले समितिको अध्यक्ष उपाध्यक्ष, सचिव, कोषाध्यक्षको छनोट गर्नेछ ।

(ग) समतिको सचिवको रुपमा वडासचिव रहनेछन् ।

**(३) नगरपालिका स्तरीय निगरानी समूहको गठन देहाय बमोजिम हुनेछ** ः

सबै वडामा गठन भएका महिला समूहहरुको निगरानी, परिचालन, सुपरिवेक्षण तथा व्यवस्थापन गर्नका निम्ति उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको १७ सदस्यीय नगरपालिका स्तरीय निगरानी समूह गठन हुनेछ।

(क)नगर उपप्रमुख- **संयोजक**

(ख)प्रत्येक वडाको महिला समितिले सिफारिस गरेका मध्येबाट १/१ जना गरि कुल- **१२ जना सदस्य**

(ख) उपप्रमुखले मनोनित गरेका दलित, जनजाति र विपन्न मध्यबाट कार्यपालिका सदस्य - **३ जना सदस्य**

(ग) नगरपालिकाको महिला विकास शाखा हेर्ने कर्मचारी सदस्य सचिव- **१ जना**

## परिच्छेद ३

## महिला समूहको दर्ता/सुचिकृत तथा पुरस्कार

**५. दर्ता/सुचिकृत ः**

**(१) महिला समूहको दर्ता/सुचिकृत देहाय बमोजिम हुनेछ ।**

(क) प्रत्येक टोलमा गठन हुने भएका महिला समूह नगरपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(ख) महिला समूहको बैठकमा सर्वसम्मत गरेको निर्णय, सम्बन्धित वडाकार्यालयको सिफारिस सहित आएको निवेदन माथि नगरपालिकाले अनुसूची–१ बमोजिमको विधानमा टेकेर दर्ता /सुचिकृत गर्नेछ ।

(ग) महिला समूहलानई नगरपालिकालमा दर्ता /सुचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूची–२ मा उल्लेख गरिएको छ ।

(घ) महिला समूहबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा सम्बन्धित नगरपालिकाले अनुसूची–३ बमोजिमको ढाँचामा महिला समूह दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(ङ) समूहले गरेका वार्षिक कार्यक्रमहरुको प्रतिवेदन पेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र अनुसूची ४(चार)बमोजमको ढाँचामा समूह दर्ता/सूचिकृत नवीकरण गर्नुपर्नेछ।

च) यस नगरपालिको महिला शाखामा आज सम्म दर्ता भएका समूहहरु यसै कार्यविधि बमोजिम कार्यान्वयन भएको मानिनेछ ।

(२) महिला समूहले यस कार्यविधि बमोजिम उदेश्य विपरित काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा नगरपालिकाले महिला समूहको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ ।

(३ परस्कृत गर्ने उत्कृष्ट कार्यगरी नमुनाको रुपमा विकास हुने तीन ओटा सम्म महिला समूहलाई नगरपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेद ४

## महिला समूहका कार्यहरु

**६. महिला समूह, महिला समिति तथा निगरानी समूहका कार्यहरुः**

(क) समाजमा आयोजित विभिन्न सामाजिक राजनितिक कार्यक्रमहरुमा महिलाको सहभागिता सुनिश्चितको लागि जनचेतनामुलक कार्यक्रमहर सञ्चालन गर्ने,

(ख) एच.आई.भी. /एडस्, अन्धविश्वास, छाउपडि प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) समाजमा हुने अन्याय, अत्याचार, विभिन्न घरेलु तथा महिला हिंसा विरुद्ध सामुहिक आवाज उठाउने,

(घ) महिला तथा बालबालिकाको हक अधिकारको सुनिश्चतता गर्ने,

(ङ) विभिन्न सामाजिक आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरूक गराउने,

(च) आफ्नो समुदायलाई वातावरण तथा बालमैत्रि बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्तबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,

(ज) समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,

(झ) टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने

(ञ) महिलाका सवालहरुका विषयमा छलफल तथा अन्तरक्रिया गर्ने वडास्तरीय महिला समितिलाई सुझाव सल्लाह प्रदान गर्ने ।

(ट) महिला समूहले टोल विकास संस्था, वडा समिति तथा नगरपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम संचालनमा सहजकर्ता र समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(२) **महिला समितका कार्यहरु देहाय बमोजिम हुनेछ**ः

(क) महिलाको हित हुने खालका कार्यक्रम तथा यवजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समिति प्रति समन्वयकारी भुमिका निर्वाह गर्ने।

(ख) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरू विकृति तथा विसंगतिका विषयमाहरुमा घनिभुत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने ।

(ग) टोलमा हुने अपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्बनेधित निकायमा जानकारी गराउने ।

(घ) महिला समितिले वडास्थित समन्वयकारी भुमिका निर्वाह गर्ने,

(ङ) नगरपालिका र महिला समूहलाई जोड्ने पुलको कार्य गर्ने,

(च) महिला समूहलाई आवश्यक सम्पुर्ण सहयोग गर्ने,

(छ) महिला समूहले गर्ने कार्यक्रमहरुमा सहभागिता जनाउने,

(ज) नगरपालिका तथा निगरानी समूहसँग आवश्यक सहकार्य गर्ने ।

(भ) सभ्य, सुसंस्कृति तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरी लागू गर्ने ।

(३) **निगरानी समूहका कार्यहरु देहाय बमोजिम हुनेछ**ः

(क) नगरपालिकासँग नियमित सम्पर्कमा रहने,

(ख) महिला समूह तथा महिला समितिको निरीक्षण एवं सुपरीवेक्षण गर्ने,

(ग) महिलाका अधिकार महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्ने नगरपालिकालाई सुझाव सल्लाह दिने,

(घ) नमुना टोल स्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि नगरपालिकालाई सिफारिस गर्ने,

(ङ) महिलाहरुमा सचेतना अभिवृद्ध गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी नगरपालिकालाई सिफारिस गर्ने,

(च) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न नगरपालिकालाई आवश्यक सुझाव दिने,

(छ महिला विरुद्ध धार्मिक सामाजिक सांस्कृतिक परम्परा प्रचलन वा कुनै आधारमा शारीरिरक मानसिक यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(ज) महिलालाई शिक्षा स्वास्थ्य रोजगारी तथा सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने ।

(झ) महिला समहुलाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि तालिम जनचेतना तथा आवश्यक सहयोग गर्ने,

(ञ) नगरपालिका तथा विभिन्न संघसंस्थाहरुबाट आएका तालिम कार्यक्रम सहयोगहरुलाई महिला समूहहरूसम्म न्यायोचित ढङ्गले पुर्याउने तथा महिलाहरुको आवश्यकतालाई ध्यानमा राखी नगरपालिका तथा सम्बन्धित निकायसँग सहकार्य गर्ने ।

## परिच्छेद ५
## महिला समूहको बैठक

**७. महिला समूहको बैठक**: महिला समूहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ:

(क) महिला समूहका सदस्यहरुको हित सहयोग एवं समन्वयका लागि महिला समूहको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समहुको बैठकमा वडामा रहेको महिला समितिका प्रतिनिधिहरु सामाजिक परिचालक लगायत अन्य सरोकारहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

## परिच्छेद ६
## विवध

**विविध**

(क) यो कार्यविधि प्रचलित ऐन नियमहरुसँग बाँझिएमा, बाँझिएका बुँदाहरु स्वत: खारेज हुनेछन्।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार फुकाइनेछ ।

(ग) यो कार्यविधि समय सापेक्ष र आवश्यकता अनुसार संसोधन गर्ने अधिकारी परशुराम नगर कार्यपालिकामा रहनेछ ।

घ) महिला समूहहरूलाई अनुदान दिदा २० प्रतिशत समूहको लागतमा दिईनेछ ।

## अनुसूची-१
### (दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**१. प्रारम्भिक :** संक्षिप्त नाम र प्रारम्भ :

(क) यो विधान ........................................महिला समूहको विधान हुनेछ ।

(ख) यो समूहको नाम .................................. हुनेछ ।

(ग) यो विधान ................................ महिला समूहको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

(घ) यस समूहको कार्यालय ...................................... मा रहनेछ ।

(ङ) समूहको सीमाना देहाय बमोजिम हुनेछ ।

पुर्व ...................................,

पश्चिम..........................., उत्तर.................................,

दक्षिण ............................... ।

**२. परिभाषा :**

(क) समूह भन्नाले ......................................महिला समूहलाई सम्झिनु पर्छ ।

(ख) विधान भन्नाले महिला समूहको विधानलाई सम्झिनु पर्छ ।

(ग) साधारणासभा भन्नाले समूहको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

(घ) समिति भन्नाले महिला समूहको कार्यसमिति सम्झनुपर्छ ।

(ङ) बैठक भन्नाले समूहको संयुक्त छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

(च) पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ ।

**३. संगठित समूह हुने :** (क) समूहको छुट्टाछुटै छाप हुनेछ। समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) समूहले चल अचल सम्पति प्राप्त गर्न सक्नेछ । तर समूहले आफ्नो अचल सम्पति बिक्री गर्न पाउने छैन। समूह विघटन भएमा सो समूहको सम्पुर्ण चल अचल सम्पति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

**४. समूहका उद्देश्यहरु :**

समूहको सामुहिक, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उदेश्य हुनेछ ।

(क) सामुहिक स्तरमा सक्षम र दिगो स्वायत समूहको गर्ने ।

(ख) समूहका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमहरुको सञ्चालन गरी गरिबी न्युनीकरण मद्यत पुर्याउने।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयन टेवा पुर्याउने ।

(घ) समूहलाई सहभागितात्मक योजना अनुगमन र मुल्याङ्कन प्रक्रयामा सक्रिय सहभागी बनाउने।

**५. महिला समूहको कार्यसमितिको गठन :**

महिला समूहको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक घरबाट एक महिला सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समूह गठन गर्ने,

(ख) समूहमा उपस्थित भएका सदस्यहरुको सर्वसम्मत निर्णयबाट मनोनित गरी अध्यक्ष उपाध्यक्ष सचिव कोषाध्यक्ष र आवश्यकता अनुसार सात देखि तेह्र सदस्यहरु रहेको एक महिला समूह कार्यसमिति गठन

हुनेछ । महिला समूहमा कार्यसमितिको कार्यकाल प्रत्येक दुई वर्षमा आपसी सहमतीमा हेरफेर गर्न सकिनेछ ।

**६. समूहका कार्यहरु** :

महिला समूहका कार्यहरु देहाय बमोजिम हुनेछ :

- प्रत्येक टोलस्तरमा सम्भव भएसम्म सबै घरपरिवारका महिला सदस्य सहभागी भएको महिला समूहहरु गठन गर्ने,

  समूहका सदस्यहरुलाई उद्यमशीलता तर्फ गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यहरु सञ्चालन गर्ने,
- एच.आई.भी./एडस, अन्धविश्वास छाउपडी प्रथा बाल विवाह बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,
- विभिन्न सामाजिक आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने ,

  आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
- समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,
- समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने ,
- टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने ।

**७. महिला समूहका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार** महिला समूहका पदाधिकारीहरुको काम, : कर्तव्य रअधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम कर्तव्य र अधिकार**

समूहको नियमित बैठक बोलाउने बैठकका लागि मिति समय र स्थान तोक्ने ।

- बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
- बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोर्ट गर्ने वा गर्न लगाउने ।
- छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
- निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
- विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
- समूहले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।
- विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
- कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) समूहका सचिवको काम कर्तव्य र अधिकार**:

- अध्यक्षको आदेशअर्नुसार बैठक बोलाउने।
- एकतिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम हुनेछ।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने
- ससमितिको क्रियाकलायको बारेमा सदस्यलाई जानकारी गराउने ।
- तोकिएका अन्य कार्य गर्ने ।

**(ग) समूहको कोषाध्यक्ष को काम कर्तव्य र अधिकार :**

- समूहको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
- खर्चको लेखा परीक्षण गराउने ।
- बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।
- समूहको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) समूहका सदस्यहरुको काम कर्तव्य र अधिकार :**

नगरपालिका वा नगरकार्यपालिका सँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

- समूहको हिसाब किताब जाँच गर्ने ।
- समसहका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।
- आवश्यकता अनुसार समूह संचालनका लागि निति नियमहरु बनाउने र सो को नियमहरु पालना भए नभएको हेर्ने ।
- सहभागिताको लागि बोलाईएको कार्यक्रमहरुमा अनिवार्य सहभागी हुने।
- आवश्यकता अनुसार अध्यक्ष सचिव कोषाध्यक्षलाई सघाउने ।
- तोकिएका अन्य कार्यहरु गर्ने ।

**८. सदस्यता समितिमा सदस्यता देहाय बमोजिम हुनेछ :**

(क) यस विधानको उदेश्य बमोजिम समूहप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलका प्रत्येक घरधुरीका महिला सदस्य यस समूहको सदस्य हुनेछ।

(ख) सदस्य बन्न इच्छुक नयाँ महिलालाई समूहले तौके बमोजिम समूहमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

**९. सदस्यता नरहने:** देहायको अवस्थामा सदस्य रहने छैन ।

(क) सदस्यको मृत्यु भएमा,

(ख) सदस्यले दिएको सदस्यता परित्याग लिखित निवेदन समूहले स्वीकृत गरेमा तर समूहको निर्णय उपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा समूहको निर्णय पालना नगरेमा समूहले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) समूहलाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको देखिएमा, समूहले सदस्य बाट हटाउने निर्णय गरेमा। तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बन्चित गरिने छैन। यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

(ङ) नेपालमा प्रचलित कानूनले निषेध गरेका कार्य गरेमा ।

**१०. साधारण सभाको गठन र कार्यप्रणाली** साधारणसभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ ।

- समूहको सम्पुर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।
- साधारण सभाको अध्यक्षता समूहको अध्यक्षले गर्नेछ । निजको ज्येष्ठ नागरिक सदस्यले गर्नेछ।

- साधारण सभा समूहको सर्वच्च निकाय हुनेछ ।

**११. साधारण सभाको काम कर्तव्य रअधिकार साधार सभाको काम कर्तव्य र अधिकार देहाउ बमोजिम हुनेछः**

- अध्यक्ष, सचिव र कोषाध्यक्षले क्रमश:आ आफ्नो क्षेत्रमा परेका कार्यसम्बनधी वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ,
- वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने,
- सबै सदस्यरु भेला हुने, – समूहको विधान संशोधन गर्ने,
- आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने,
- समूहको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१२. आर्थिक व्यवस्था**

(क) समूहहको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ ः

– सदस्यबाट प्राप्त शुल्क

– सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान, समूहको क्रियाकलापको सिलसिलामा प्राप्त प्राप्त हुर्ने आय वा पुरस्कार

– अन्य आम्दानी ।

(ख प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समूहको हुनेछ ।

(ग) समूहको नाममा प्राप्त वा खरिद चल अचल सम्पतिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१३. कार्यसमिति वा पदाधिकारीको राजीनामा**

(क) समूहका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

(ख) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समूहको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समूहले निर्णय गरे बमोजिम हुनेछ ।

**१४.विघटन** : समूहको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकी वा उदेश्य पूरा गर्न असफल भए वा २ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ। यसरी समूह विघटन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ ।

**१५. विविध**

(क) विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृति गरेपछि साधारण सभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ ।

ख )प्रचलित ऐन नियमहरुसँग बाँझिएका बुँदाहरु बाँझिएको हदसम्म स्वत:खारेज हुनेछ ।

## अनुसूची -२

(दफा ५ को उपदफा १ कव खण्ड ग सँग सम्बन्धित)

**महिला समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको नमुना**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
परशुराम नगरकार्यपालिकाको कार्यालय
जोगबुडा डडेल्धुरा, ।

**विषय ः महिला समूह दर्ता सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस परशुराम नगरपालिका वडा न ..........को..................टो लमा गठन गरिएको तपशिल बमोजिम पदाधिकारी रहेको ................................................महिला समूहलाई यस नगरपालिका कार्यालयमा दर्ता/सूचीकृत गरी महिला समूह प्रमाण उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

तपशिल

| सि.न. | नाम,थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | | अध्यक्ष | |
| २ | | उपाध्यक्ष | |
| ३ | | कोषाध्यक्ष | |
| ४ | | सचिव | |
| ५ | | सदस्य | |
| ६ | | सदस्य | |
| ७ | | सदस्य | |

निवेदक

हस्ताक्षर :
नाम :
पद :

## अनुसूची ३

(दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

## परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय जोगबुडा, डडेल्धुरा

### प्रमाणपत्र

स्रोत साधन र अवसरबाट वञ्चित ग्रामीण विपन्न महिलाहरू को जीवन समुन्नत र समृद्ध बनाउनका लागि समूहमा आवद्ध गराई महिलाहरुलाई विभिन्न सीपमुलक, आयआर्जनमुलक तथा व्यवसायिक बनाउन यस नगरपालिका वडा.....................मा स्थापित...........................................................................महिला समिति/संस्था लाई आज मिति ..................................देखि लागु हुने गरि यस परशुराम नगरपालिकाको अभिलेखमा दर्ता कायम राखि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| ....................... | ..................... |
| महिला तथा बालबालिका शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

## अनुसूची ४

(दफा ५ को उपदफा (१) को खण्ड (ङ) संग सम्बन्धित)

### महिला समूह नविकरण रेकर्ड

महिला समूहको नामः

ठेगाना :

| आ.व. | नविकरण अवधि | रकम रू. | रसिद नं. | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मितिः २०८२/०९/२९

आज्ञाले,
कृष्णानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत